# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, असार २५ गते, २०७६ साल (संख्या ६

## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७६ सालको ऐन नं. २**

**<u>विनियोजन ऐन, २०७६</u>**

खाँडादेवी गाउँपालिका

**खाँडादेवी गाउँपालिका आ.व.२०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनः**

**प्रस्तावनाः**

खाँडादेवी गाउँपालिकाको आ.व.०७६/७७ को सेवा र कार्यहरुको लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र विनियोजन गर्न वाञ्छनीय भएकोले-

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम खाँडादेवी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम खाँडादेवी गाउँ पालिकाको विनियोजन ऐन २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आ.व.२०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आ.व.२०७६/७७ को निमित्त खाँडादेवी गाउँपलिका गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **६१,८९,५२,९४७.६०/-**(एकसठ्ठी करोड उन्नाननव्बे लाख बाउन्न हजार नौसय सरचालिस रुपैंया साठी पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आ.व.२०७६/७७ को निमित्त खाँडादेवी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता भएता पनी कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने कुनैमा अपुग देखिन आएमा गउँपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। चालु तथा पूँजिगत खर्च वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ।

४. पूँजिगत खर्चमा अपुग हुने रकम चालु खर्चबाट २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिनेछ।

५. यस ऐन बमोजिम तर्जुमा हुने विभिन्न कोष सम्बन्धि कार्यविधि कार्यपालिकाले तर्जुमा गर्न सक्नेछ।

६. यस ऐन बमोजिम विभिन्न कार्यक्रममा विनियोजित एकमुष्ट रकमको विस्तृत कार्यक्रम वनाई पछि सभाबाट अनुमोदन हुने गरी कार्यन्वयन गर्ने अधिकार कार्यपालिकालाई दिइएको छ ।

खाँडादेवी गाउँपालिका

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९(२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

**आ.व.०७६/७७ को अनुमानित आय/व्याय विवरण**

| **आयतर्फ** | **वजेट रकम** | **व्ययतर्फ** | **वजेट रकम** |
|---|---|---|---|
| १.संघबाट प्राप्त | | | |
| क.वित्तिय समानीकरण | १४,१४,००,००० | क.वडातर्फ विनियोजन | ७,००,००,००० |
| ख.राजश्व बाँडफाँड | ८,६९,४१,९४७.६ | ख. चालु तर्फ | ५,००,००,००० |
| ग.सशर्त अनुदान | १८,८९,००,००० | ग.शसर्त (संघ) | १८,८९,००,००० |
| द्द.प्रदेशबाट प्राप्त | | घ. शसर्त (प्रदेश) | २१,३०,००० |
| क.वित्तिय समानीकरण | १,०१,८१,००० | ङ. समष्टिगत योजना | २०,७९,२२,९४७.६ |
| ख. राजश्व वाँडफाँड | २,५३,००,००० | च. समपुरक कोष (संघ र प्रदेश) | ५,००,००,००० |
| ग.सशर्त अनुदान | २१,३०,००० | छ.विशेष अनुदान (संघ र प्रदेश) | ५,००,००,००० |
| ३.आन्तरिक आय( मालपोत, शुल्क, दस्तुर, कर, जरिवाना,गिट्टी, वालुवा, ढुङ्गा ) | ३,४१,००,००० | | |
| ४.समपुरक कोष ( संघ) | ३,००,००,००० | | |
| ५. समपूरक कोष ( प्रदेश) | २,००,००,००० | | |
| ६. विशेष अनुदान ( संघ) | ३,००,००,००० | | |

| आयतर्फ | वजेट रकम | व्ययतर्फ | वजेट रकम |
|---|---|---|---|
| ७. विशेष अनुदान (प्रदेश) | २,००,००,००० | | |
| ८. बाँकी मौजदात | ३,००,००,००० | | |
| **जम्मा** | **६१,८९,५२,९४७.६** | | **६१,८९,५२,९४७.६** |

नोटःयसमा गरिवसँग विश्वेश्वर कार्यक्रम, LGCDP कार्यक्रम, सामाजिक सुरक्षा भत्ता र अन्य निकायबाट प्राप्त हुन सक्ने रकम समावेस गरिएको छैन ।

**सभाबाट पारित मितिः २०७६।०३।२३**
**प्रमाणीकरण मितिः २०७६।०३।२५**

**आज्ञाले,**
**विष्णु प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका